राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३१९ | २०८३ साउन १६ गते शनिवार | (Saturday, 1 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# बर्दिबासबासिको सन्देश- 'हिन्दु–मुस्लिम हामी दाजुभाइ'



**राजकरण महतो**

*बर्दिबास, साउन १५ गते ।*

महोत्तरीको बर्दिबासमा शुक्रबार बिहान हिन्दु र मुस्लिम समुदायका अगुवा, जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, व्यवसायी तथा विभिन्न संघसंस्थाका प्रतिनिधि एकै ठाउँमा भेला भए । उनीहरूले एकसाथ चिया पिए, हातेमालो गरे र एउटै स्वरमा भने- "हिन्दु-मुस्लिम हामी दाजुभाइ ।"

बर्दिबास उद्योग वाणिज्य संघको आयोजनामा सम्पन्न सर्वपक्षीय सद्भाव बैठकले 'हाम्रो विविधता, हाम्रो पहिचान, हाम्रो एकता, हाम्रो अभियान' भन्ने नारासहित नेपालका सबै भाषा, धर्म र समुदायबीचको आपसी विश्वास र सहअस्तित्वलाई थप बलियो बनाउने प्रतिबद्धता व्यक्त गरे ।

बैठकमा बर्दिबास नगरपालिकाका प्रमुख प्रह्लादकुमार क्षेत्रीले समाजमा धार्मिक सद्भाव बिथोल्ने र उत्तेजना फैलाउने गतिविधिमा संलग्न जो-कोहीलाई कानुनी दायरामा ल्याउन सरकारसँग माग गरे । सामाजिक सञ्जालमा लोकप्रिय बन्न गरिने स्टन्टबाजीले समाजमा अनावश्यक तनाव सिर्जना गरिरहेको उनको भनाइ थियो ।

मुस्लिम समाज बर्दिबासका अध्यक्ष अताबुल रहमानले सानो गल्तीले ठूलो समस्या निम्त्याउन सक्ने भएकाले सबै समुदाय संयमित हुनुपर्ने बताए । "हामी वर्षौंदेखि मिलेर बसेका छौँ । समस्या आए पनि मिलेरै समाधान गर्नुपर्छ", उनले भने ।

बर्दिबास नगरपालिका-१ का पूर्व वडाध्यक्ष चुडामणि पोखरेलले पहाडी-मधेसी, हिन्दु-मुस्लिम तथा जातीय विभाजनका नाममा समाजमा मनमुटाव बढाउने प्रयास भइरहेको उल्लेख गर्दै त्यसलाई रोक्न सबै एकजुट हुनुपर्ने बताए ।

स्थानीय चेतबहादुर थापाले विगतका आन्दोलनका समयमा पनि बर्दिबासले शान्तिपूर्ण ढंगले परिस्थिति व्यवस्थापन गरेको स्मरण गराउँदै अहिलेको संवेदनशील अवस्थामा पनि एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिए ।

नेकपा (एमाले) मधेश प्रदेश कमिटी सदस्य सन्त परियारले शान्ति र सामाजिक सद्भाव जोगाउन बर्दिबासले विगतमा देखाएको साहस फेरि एकपटक प्रदर्शन गर्ने समय आएको बताए ।

राप्रपा महोत्तरी क्षेत्र नं. १ का नेता कमल पोखरेलले कुनै पनि व्यक्ति वा समुदाय अराजक गतिविधिमा संलग्न हुन नहुने बताउँदै सामाजिक सद्भावभन्दा ठूलो सम्पत्ति अरू केही नभएको बताए ।

नेपाल रेडक्रस सोसाइटी उपशाखा बर्दिबासका सुदीप कार्कीले गुलाबसा खातुनको बलात्कारपछि हत्या भएको घटनाका बेला अधिकारकर्मी सञ्जय न्यौपानेले सामाजिक सद्भावका लागि खेलेको भूमिकाको स्मरण गर्दै बर्दिबास एकताको उदाहरण बनेको बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ता विजय पोखरेलले कालापानी घटनाप्रति आफू पनि चिन्तित रहेको बताउँदै जात, धर्म र समुदायका नाममा मधेशलाई विभाजित गर्ने प्रयास अस्वीकार्य भएको बताए ।

होटल तथा पर्यटन व्यवसायी महासंघ बर्दिबासका अध्यक्ष गुन्जबहादुर कार्कीले अराजक गतिविधिमा संलग्न व्यक्तिमाथि सुरक्षा निकायले प्रभावकारी निगरानी गर्नुपर्नेमा जोड दिए ।

नेकपा एमालेका युवा नेता शंकर महतोले बर्दिबास सुन्दर भुगोल रहेको बताउँदै भने, "बर्दिबासको सामाजिक बनोट नै गहना छ । यहाँ एउटालाई घाउ हुँदा अर्कोलाई दुखेको छ । हाम्रो तागत, ज्ञान र चेतना बर्दिबास समृद्ध बनाउने तिर लगाउनु पर्छ ।" उनका अनुसार मधेश बेहाल छ । तर, नेताहरु फोटो र भिडियोमा स्टन्ट गरिरहेको छ । तिनै तहका प्रतिनिधि र राजनीति दलहरु समाजिक एकताका लागि काम गर्नु पर्छ ।

इलाका प्रशासन कार्यालय बर्दिबासका प्रमुख माधवराज न्यौपानेले विविधता नै हाम्रो एकता हो । यसलाइ जगेर्ना गर्नु पर्छ । हामी सबै होसियारी एकताको साझा सहकार्य छ ।

नेपाल पत्रकार महासंघ केन्द्रिय सदस्य राजकरण महतोले सम्प्रादायिक दंङ्गाको आगो निभाउने एक मात्र उपाय समाजिक एकता र भाइचारा नै रहेको बताए ।

बर्दिबास उद्योग बाणिज्य संघका पुर्व अध्यक्ष विष्णु खड्काले धर्मका नाममा राजनीति हुनु नहुने बताए । पुर्व कर्माचारी समाज बर्दिबास महोत्तरीका अध्यक्ष राम कुमार कार्किले सामाजिक सद्भाव जोगाउन सबै लाग्नु पर्ने बताए ।

जनता माध्यमिक विधालय गौरीडाँडाका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तुलसी ढुङ्गानाले सबैले सबैको संस्कार, संस्कृतिलाई अनुसरन गरे समाजिक एकता कहिल्यै नभड्किने बताए ।

नेपाली काँग्रेस बर्दिबासका नेता पोषण थापाले राजनीति दलले समाजको कमाण्ड समाल्नु पर्ने बताए ।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका अध्यक्ष हिरालाल गौतमले हरेक समय बर्दिबास एकै स्थानमा उभिएर सद्भाव कायम राख्ने गरेको बताए । उनले भने, "हिन्दु र मुस्लिम समुदाय हामी दाजुभाइ भएर बसेका छौ ।"

बैठकको अध्यक्षता गरेका बर्दिबास उद्योग बाणिज्य संघका अध्यक्ष दिपक कार्कीले हिन्दु र मुस्लिम बिच पारिवारिक, समाजिक सम्बन्ध रहेको बताए । केही व्यक्तिले माहोल भड्काएकोले सबै सचेत हुनु पर्नेमा जोड दिए ।

## सीमा भएर महोत्तरी प्रवेश गर्नेलाई परिचय पत्र अनिवार्य

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन १५ गते ।*

महोत्तरीको सीमा नाका भई नेपाल भित्रिनेहरूलाई अनिवार्य रूपमा आफ्नो आधिकारिक पहिचान खुल्ने परिचयपत्र देखाएर मात्र प्रवेश गर्न दिने निर्णय स्थानीय प्रशासनले गरेको छ ।

सुनसरीमा भएको दुःखद् घटनापछि मुलुकको विभिन्न स्थानमा विकसित भइरहेका संवेदनशील घटनाक्रमलाई मध्यनजर गरि जिल्ला प्रशासन कार्यालय महोत्तरीले शुक्रबार बिहान जिल्लास्थित राजनीतिक दलका प्रतिनिधि, धार्मिक-सामाजिक सद्भाव सम्बन्धी समन्वय बैठकबाट महोत्तरीको सिमानाकाबाट प्रवेश गर्नेलाई परिचय पत्र देखाएर प्रवेश गर्न दिने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले बताए ।

परापूर्व कालदेखि रहिआएको सामाजिक सद्भाव, भाइचारा र सांस्कृतिक ऐक्यबद्धतालाई अक्षुण्ण राख्दै संयमता अपनाउन र कुनै पनि किसिमका हिंसात्मक, द्वन्द्वमूलक वा उत्तेजक क्रियाकलापहरू हुन नदिन सम्पूर्ण जिल्लावासीहरूमा हार्दिक अपिल समेत गर्ने निर्णय भएको प्रजिअ यादवले बताए ।

यसका साथै सामाजिक सञ्जालमा सद्भाव भड्काउने किसिमका अफवाह, भ्रामक, अपुष्ट र द्वेषपूर्ण सामग्रीहरू सम्प्रेषण नगर्नुको साथै त्यस्ता सामग्रीहरु शेयर नगर्न समेत आग्रह गर्ने र कहि कतै कसैले त्यस्ता कार्य गरेमा संलग्न जोकोहीलाई प्रचलित नेपाल कानून बमोजिम कडा कारवाही गर्ने निर्णय बैठकबाट गरिएको उनले बताए ।

जिल्लाभित्र रहेका सम्पूर्ण जातजाति, भाषाभाषी, धर्म र सम्प्रदायका नागरिकहरूबीच असमझदारी वा द्वन्द्वलाई उत्तेजित नबनाई संयमता अपनाउँदै शान्ति सुरक्षा र सामाजिक सद्भाव कायम राख्न सम्पूर्ण धार्मिक अगुवाहरुमा हार्दिक अपिल गर्ने र कुनै पनि धार्मिक जुलुस, र्‍याली, सभा वा सार्वजनिक कार्यक्रमहरू संचालन गर्दा अनिवार्य रूपमा स्थानीय प्रशासनलाई पूर्वसूचना दिई स्वीकृति लिनुपर्ने र शान्ति-सुरक्षा खलल हुने कुनै क्रियाकलाप नगर्न नगराउन निर्णय समेत भएको हो ।

त्यसैगरि समग्र शान्ति, सुव्यवस्था र अमनचयन कायम राख जिल्लास्थित सम्पूर्ण सुरक्षा निकायहरूलाई उच्च सतर्कताका साथ संवेदनशील क्षेत्रहरूमा गस्ती बढाउने, शंकास्पद व्यक्तिहरुलाई नियन्त्रणमा लिई अनुसन्धान गर्ने निर्णय भएको छ ।

यता सुनसरी घटनाको समर्थनमा महोत्तरीको सदरमुकाम जलेश्वर लगायत प्रमुख बजारहरु मटिहानी, गौशाला, सम्सी, रामगोपालपुर, औरही, पिपरा लगायतको बजार बन्द गराइएको थियो ।

## सर्वपक्षीय बैठकको चारबुँदे निर्णय

**लक्ष्मी चौधरी**

**जनकपुरधाम, साउन १५ गते** ।

सुनसरीमा भएको घटनापछि विकसित परिस्थिति र प्रदर्शनलाई ध्यानमा राख्दै शुक्रबार धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलको अध्यक्षतामा बसेको बैठकले सामाजिक सद्भाव, शान्ति र धार्मिक सहिष्णुता कायम गर्न सबै पक्षलाई सक्रिय भूमिका निर्वाह गर्न आह्वान गर्दै चारबुँदे निर्णय गरेको छ ।

बैठकमा प्रतिनिधि सभाका चार जना सदस्य, जनप्रतिनिधि, सुरक्षा निकाय, राजनीतिक दल, नागरिक समाज तथा विभिन्न धर्म-समुदायका अगुवाको सहभागिता रहेको थियो ।

बैठकले सामाजिक सद्भाव, अमनचयन र धार्मिक सहिष्णुता कायम राख्न सबै सरोकारवालाले आआफ्नो क्षेत्रबाट पहल गर्ने र नागरिकबिच भाइचारा, आपसी विश्वास एवं सहिष्णुता अभिवृद्धि गर्न संयुक्त रूपमा काम गर्ने सहमति गरेको छ ।

त्यसैगरी, सामाजिक सञ्जालमार्फत भ्रामक सूचना, अफवाह तथा घृणा फैलाउने गतिविधिलाई निरुत्साहित गर्न सचेतना अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ। बैठकले जनकपुरधामसहित जिल्लाका संवेदनशील स्थानीय तहमा सद्भावमूलक कार्यक्रम गर्न आग्रह गरेको छ ।

प्रजिअ लुइटेलले जिल्लाको अवस्था सामान्य बन्दै गएको उल्लेख गर्दै परिस्थिति अनुकूल भएपछि निषेधाज्ञा हटाउने तयारी भइरहेको जानकारी दिए । बैठकमा सहभागी अगुवाहरूले घटनामा संलग्नको पहिचान गरी कानुनी कारबाही गर्न र हिंसा, आगजनी तथा लुटपाटजस्ता गतिविधि रोक्न प्रशासनसँग माग गरे ।

## कविता



### मनको ब्यथा

***

लक्ष्मी साह
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

छोरीको जन्म दिनुमात्र बुबाको कर्म होइन
कन्यादान दिनुमात्र पनि बुबाको धर्म होइन
किनकिन छोरीको अर्थ नबुझ्दा यहाँ
छोरीको मन चिन्ताले घुमिरहन्छ जहाँ त्यहाँ।

न छोरीको पढाइमा चासो लिनुभयो
न छोरीको जीवनमा नयाँ ज्ञान सिकाइको अर्थ बुझ्नु भो
सबै छोरीप्रति असन्तुष्ट व्यक्त गर्दा इज्जत कसरी जोगिने
छोरीहरुको पिर मर्का बेग्लै बाबुआमा छुट्टै मडारिने।

बुबा छोरीलाई दोषारोपण गर्न व्यस्त
लाग्छन् छोरीहरु आफ्नो कर्मतिर प्रशस्त
छोरीहरु भने बुबाको शिर उच्च राख्न तल्लिन
तर कुरा बुजेर पनि बुबाको अनुहार हुन्छ मलिन।

यही समाजमा छोरीलाई गौरी र लक्ष्मीको रुपमा पूजा गरिन्छ
तर आफ्नो घरमा भएकी छोरीलाई बोझको रुपमा बुझिन्छ
छोरीलाई घृणा होइन माया दिनु पर्छ
अनि मात्र बाबुआमाको घरको इज्जत बढ्छ

## कविता



### भाइ

***

सिताष्मा ढुंगाना
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

सबै भन्दा असल बनोस् मेरो प्यारो भाइ
सफलताको शिखर चुमोस् मेरो प्यारो भाइ
तिम्रो हरेक समस्यामा साथ मैले दिन्छु
साच्चै तिम्रो सफलताको शिखर देख्न चाहन्छु।

मलाई दिदी हुने प्रमाण प्यारो मेरो भाइ
चाहन्छु म सधै खुसी देखूँ तिमीलाई
जिम्मेवारी पूरा गर्न हार नमान्नु तिमी
जिन्दगीको गोरेटोमा सधैं अघि बढ्नु तिमी।

जस्तै कठिन यात्रा पनि अघि बढ्नु पर्छ
नडराई हिडेपछि यात्रा सफल हुन्छ
इमान्दारी, मेहनती सफल हुने शुत्र
भाइको लागि शुभ चिन्तक दिदी म मात्र।

## कविता



### सजाऔं जिन्दगी

***

प्रिन्स कुमार सिंह
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

अरुको कुरा सुन्नु र आफ्नो कुरा सुनाउनु छैन मलाई
केवल जिन्दगीको यात्रामा सफलता पाउनु छ मलाई

आँखामा आसु होइन ओठमा मुस्कान छर्नु छ
भावनामा बहने होइन मरुभूमि मा फूल फुलाउनु छ।

भिडमा भेटिने नक्कली अनुहार होइन यथार्थमा देखिने परिश्रमी बन्नु छ
आफ्नो भोगाइबाट सिकेको ज्ञानले जीवन सजाउनु छ।

## कविता



### मृत्यु शैय्याका अन्तिम दिनहरु

***

बिर्ख क्षेत्री

जीवनको जरासँगै छिप्पिइरहेको छ मृत्युका बीऊहरु ।
भीष्म पितामहको विष-वाण जस्तै छन् विस्ताराहरु ।
चुक पोखिएका रात भएका छन् हरेक दिनहरु ।
हनुमानले पहाड बोके जस्तै भएका छन् हरेक सासहरु ।
र, बुद्धको ध्यान जस्तै गहिराईमा डुबेका छन् पहलहरु ।

यो बेला:
मलाई घाम र जूनको मुख हेर्न दिनू ।
ताराहरुसँग आँखा जुधाउन दिनू ।
सञ्जीवनी वनको ताजा सास तान्न दिनू ।
हिमालको ताजा पानी पिउन दिनू ।
र, स्वेच्छिक मृत्युको हात समाउन दिनू ।

मृत्युको रिपोर्ट कार्ड पाएर पनि:
परिवारका पैसाहरु सबै सोसेर,
आफन्तका प्रेमहरु सबै सोसेर,
सन्तानका शक्तिहरु सबै सोसेर,
घाम, जून र पीपलको आँखा छलेर,
अस्पतालको गुफाभित्र मर्न नदिनू ।

गहिरो साधनाको बेला:
मलाई चिन्यौ भनेर कानमा चिच्याउन नदिनू,
कुनै पुराण र पाठहरुको हल्ला नगरिदिनू,
'पूर्ण स्वास्थ्य लाभको कामना' भन्दै नजिकिनू,
मन हुनेले मनबाटै 'मुक्तिको प्रार्थना' गरिदिनू ।

लामो यात्राको साइत समातेको बेला,
घाम छँदै नयाँ बासमा पुग्न,
गहिरो उत्सवका साथ विदाई दिनू ।
मृत्यु शैय्याका अन्तिम दिनहरु,
बुद्धको पीपल जस्तै शान्त बनाइदिनू ।

## कविता



### देश र विकास

***

स्मृति अधिकारी
जनता साहित्यिक मञ्च गौरिडाँडा
बर्दिवास, महोत्तरी

हामी पनि वीर गोर्खालीका सन्तान हौं
युवा सबै विदेशीएर घर खाली नबनाऔं
देशको विकास सबै मिली गर्नु पर्ने हो
पढे लेखेका सम्पूर्णले बुझ्नु पर्ने हो।

सदनमा बस्नेहरू सबले विचार गर
सबको घरमा बाटो पुर्याऊ देशको सरकार
बिजुलीको लागि सबैतिर छिटो पुर्याऊ तार
सबको घरमा झलमल बत्ती बाल सरकार।

बेरोजगारी नबसुन कोही सिप सिकाइ दिनु
जनताले दिलाएको आसन छिट्टै नबिर्सनु
भोकालाई खाना अनि प्यासीलाई पानी
सुकुम्बासी रुँदै छन् है कता जाने भनी।

## कविता



### सिमसिम सिमसिम

***

एमवी खड्का

यसपाली पनि
खेत नरोपेरै रोपाईं सकियो
यसैगरी पोहोर जस्तै
दाइ सकियो
रोपाईं नगरेरै  रोपाँई सकिएको बेला
आउ आज हामी मैफ़ारो गरौं
एकपल एउटा पार्टी गरौं
के थाह !
भोलि म हुन्छु कि हुन्न
के थाह !
छोडेर जाँदा म आँफै रुन्छु कि रुन्न
त्यसैले आजै रोपाँइको मैफ़ारो गरौं
सिमसिम सिमसिम
बर्खाले आँखा रुफाईरहेछ
रुफेकै बेला रुनु
एकदम राम्रो हुन्छ
कि कसैले आँसु देख्दैन
आँसु सँग गीत र दुख सँग प्रीत
एकदम राम्रो हुन्छ
गुनगुन गुनगुन
झरीले गुनगुनाईरहेछ
आउ आज तिमी र म
सँगसँगै असारे गाँऊ
हामी सँगै यस्तो एउटा सव्सार बनाँऊ
जहाँ फर्केर फेरि  आँऊ
आऊ आज हामी मैफ़ारो गरौं
एकपल एउटा अन्तिम पार्टी गरौं
सिमसिम सिमसिम सिमसिम सिमसिम ।

## कविता



### रक्त र संघर्षको गाथा

***

शम्भु ठाकुर
मिथिला न.पा.-९, बेंगाडाबर

पहाडको काखमा जो शान्त थियो कहिल्यै,
यस देशमा बग्न थाले खुनको रातो नदी।
शान्तिको प्रतीक यस पवित्र हिमालयमा,
मच्चिएको छ रुवावासी र बर्बादी हरेक बाटोमा।

राजनीति र अधिकारको नाममा,
रगत बगियो तराईको  जमिनमा।
मातृभूमिको आँखा पनि रोएको छ धेरै,
जब आफ्नैहरूको हातबाट आफ्नैहरूको भयो मृत्यु।

सिंहासनको भोक र व्यवस्थाको खेल छ,
जनताको दु:ख-दर्द झेल्नु नै मेल छ।
कति धेरै मासूम जीवनका धागाहरू काटिए,
कति सिरहरू आफ्नैहरूको अगाडि झुके।

अब थमी सकेको छ त्यो दौर, शान्त छ तुफान,
तर इतिहासको पानामा दर्जनो  छ त्यो बलिदान।
नेपालको माटो आज पनि यो भन्छ,
शान्तिको बाटोले नै दिन्छ जीवनलाई सिँचाइ ।

सूचना, समाचार र मनोरञ्जनका लागि
**सामुदायिक रेडियो दर्पण**
**८८.४ मेगाहर्ज**
**बिहान ५ बजेदेखि राति ११ बजेसम्म**
समाचार, विज्ञापन, सल्लाह
सुझाव र प्रतिक्रियाको लागि
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

## कविता



### सुझाव

***

स्मारिका अधिकारी
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

असल चरित्र देखाइ मिठो बोल हरदिन
जन्मेपछि आउँछ एकदिन मरेर जाने दिन।

सोच्न त सोचेरै बस्छौं नानाथरी मनमा
सुनेका कुरा बुझ्छौ लागु गर्दैनौ जीवनमा।

यो धर्तीमा जन्म लिएपछि छाडेर जाऊ नाम
हेर उदाहरण कविले दिए कति योगदान।

समय चलिरहन्छ फेरि सर्दैन नि सारेर
पश्चताप होला अन्त्यमा टर्दैन काल टारेर।

# लोकसेवा परीक्षाको तयारी सामग्री

धिरेन्द्र कुमार महतो
प्रस्तुतकर्ता



**१. राष्ट्रिय बाघ सर्वेक्षण, २०८२ अनुसार नेपालमा बाघको कुल सङ्ख्या कति पुगेको छ?**
A. ५०० वटा
B. ३७३ वटा
C. ४२९ वटा
D. ३५५ वटा
उत्तर : C. ४२९ वटा

**राष्ट्रिय बाघ सर्वेक्षण, २०८२**



- सार्वजनिक मितिः २०८३ साउन १३ (२९ जुलाई २०२६), विश्व बाघ दिवसको अवसरमा
- विज्ञप्ति जारी गर्ने निकायः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
- कुल बाघ सङ्ख्याः ४२९ वटा (सीमाः ४०२-५००)
- पहिचान भएका छुट्टाछुट्टै बाघ (Individual Tigers): ३७३ वटा
- अघिल्लो गणना (२०२२) भन्दा थप भएका बाघः ७४ वटा (३५५→४२९)
- **गणना अवधि**
  - ✓ सुरुः वि.सं. २०८२ पुस १ (सन् २०२५ डिसेम्बर १६)
  - ✓ अन्त्यः वि.सं. २०८३ वैशाख १० (सन् २०२६ अप्रिल २३)
- वैज्ञानिक/प्राविधिक पक्ष
- विधिः Spatially Explicit Capture–Recapture (SECR) मोडल
- सर्वेक्षण क्षेत्रफलः ७,३९३ वर्ग कि.मी.
- ३ कम्प्लेक्समा विभाजनः
  - ✓ चितवन-पर्सा कम्प्लेक्स
  - ✓ बाँके-बर्दिया कम्प्लेक्स
  - ✓ शुक्लाफाँटा-लालझाडी कम्प्लेक्स
- प्रयोग भएका क्यामेरा ट्र्यापः ३,६९६ वटा
- क्यामेरा-ट्र्याप प्रयासः ३६,१८१ दिन
- प्राप्त कुल तस्विरहरूः ११,९११ वटा

**निकुञ्जअनुसार बाघको सङ्ख्या (२०८२)**

| राष्ट्रिय निकुञ्ज | सङ्ख्या |
|---|---|
| चितवन राष्ट्रिय निकुञ्ज | १४५ (सबैभन्दा बढी) |
| बर्दिया राष्ट्रिय निकुञ्ज | ११२ |
| पर्सा राष्ट्रिय निकुञ्ज | ७१ |
| बाँके राष्ट्रिय निकुञ्ज | ५१ |
| शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | ५० |

- बाघ पाइने संरक्षित क्षेत्रहरूः ५ वटा (चितवन, पर्सा, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज एवं वरिपरीका वन क्षेत्र)

**नेपालमा बाघ सङ्ख्या वृद्धिको इतिहास**

| वर्ष | सङ्ख्या |
|---|---|
| सन् २००९ | १२१ |
| सन् २०१३ | १९८ |
| सन् २०१८ | २३५ |
| सन् २०२२ | ३५५ |
| सन् २०२६ (सर्वेक्षण २०८२) | ४२९ |

- नोटः नेपालमा हरेक ४ वर्षमा बाघ गणना हुन्छ।
- विश्वमा बाघ पाइने देश : १३ वटा
- विश्वमा सबैभन्दा धेरै बाघ भएको देश देशः भरत

**२. अन्तर्राष्ट्रिय बाघ दिवस, २०२६ को नारा के तय गरिएको छ?**
A. Save the Tigers, Save the Wild !
B. Protecting Tigers and Habitats
C. Roaring for Conservation !
D. Tigers for a Healthy Ecosystem !

**अन्तर्राष्ट्रिय बाघ दिवस २०२६**

- हरेक वर्ष जुलाई २९ मा मनाइन्छ ।
- सुरुवातः सन् २०१० मा रुसको सेन्ट पिटर्सवर्ग बाघ शिखर सम्मेलनबाट
- नेपालमा सुरुः वि.सं. २०६७ (सन् २०१०) देखि
- विश्वमा बाघ पाइने देशहरू (१३): नेपाल, भारत, बंगलादेश, भुटान, चीन, इन्डोनेसिया, मलेसिया, म्यानमार, रुस, थाइल्यान्ड, कम्बोडिया, लाओस, भियतनाम
- हाल विश्वमा कुल बाघ सङ्ख्याः ५,६०० भन्दा बढी (२०२५ अनुसार ५,३५७, जसमा भारत ३,१६७ सर्वाधिक)
- बाघसम्बन्धी दश वर्षे कार्ययोजनाः सन् २०२३-२०३२
- हालसम्म पाटे बाघका १३ देशमध्ये ३ देश (कम्बोडिया, लाओस, भियतनाम)मा प्रजाति लोप भइसकेको

**विभिन्न वर्षका नाराहरू :**

- २०२६: "Save the Tigers, Save the Wild!"
- २०२५: "Raise awareness about the importance of tigers and the threats they face"
- २०२४: "Roaring for Conservation!"
- २०२३: "Uniting for a Future of CoexistenceM Protecting Tigers and Their Habitats"

**३. नागढुङ्गा-सिस्नेखोला सुरुङमार्गको मुख्य सुरुङको 'ब्रेकथ्रु' कहिले भएको हो?**
A) वि.सं. २०८० साउन २२
B) वि.सं. २०८१ वैशाख ३
C) वि.सं. २०७६ कात्तिक २८
D) वि.सं. २०८३ साउन ११
उत्तरः B) वि.सं. २०८१ वैशाख ३

**नागढुङ्गा-सिस्नेखोला सुरुङमार्ग उद्घाटन**



- नेपालको पहिलो आधुनिक यातायात सुरुङमार्गः Nagdhunga Tunnel Project।
- जोड्ने स्थानः काठमाडौं (नागढुङ्गा) देखि धादिङ (सिस्नेखोला)
- मुख्य सुरुङको लम्बाइः २.६८८ किमी (२,६८८ मिटर)
- आपत्कालीन (रेस्क्यू) सुरुङको लम्बाइः २.५५७ किमी (२,५५७ मिटर)
- सडक सुविधाः नागढुङ्गा सडकखण्डको अत्यधिक जाम, उकालो र घुमाउरो बाटो छल्न सकिने, जसले गर्दा यात्राको समय करिब १ घण्टा बचत हुने
- सम्भाव्यता अध्ययनः वि.सं. २०६६/६७ (बाबुराम भट्टराई / झलनाथ खनालको प्रधानमन्त्रीत्व कालमा)
- आयोजना शिलान्यासः वि.सं. २०७६ कात्तिक ४ गते (तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा)
- ठेक्का सम्झौताः वि.सं. २०७६ कात्तिक २८ गते
- रेस्क्यू टनेल ब्रेकथ्रुः वि.सं. २०८० साउन २२ गते
- मुख्य सुरुङ 'ब्रेकथ्रु': वि.सं. २०८१ वैशाख ३ गते (तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'द्वारा)।
- प्रयोग दस्तुर राजपत्रमा प्रकाशनः वि.सं. २०८२ चैत २६ गते
- औपचारिक उद्घाटनः वि.सं. २०८३ साउन ११ गते (सन् २०२६ जुलाई २७)
- समय अवधिः शिलान्यास भएको करिब ७ वर्षपछि उद्घाटन सम्पन्न भएको (सुरुवाती सम्झौता अनुसार २०८० वैशाख १३ मा सम्पन्न हुनुपर्ने लक्ष्य थियो)।
- कुल लागतः करिब रु. २५ देखि २९ अर्ब
- जापान सरकार (जाइका) को सहयोगः रु. २१.५ अर्ब (०.०१ प्रतिशत अति सहुलियतपूर्ण ऋण)
- नेपाल सरकारको लगानीः रु. ६ अर्ब (जग्गा मुअब्जा लगायतका कार्यमा)
- निर्माण कम्पनीः जापानी कम्पनी हाज्मा एन्डो कर्पोरेसन (Hazma Ando Corporation)।
- सञ्चालन तथा व्यवस्थापनः युसिन-एआरटी जेभी
- उद्घाटनः निर्माणमा संलग्न ६३ वर्षीय श्रमिक पूर्ण जोशीद्वारा रिबन काटेर औपचारिक उद्घाटन गरिएको।

**गाडी अनुसार तोकिएको शुल्कः**

- कार/भ्यानः भित्रिँदा रु. ६५ / बाहिरिँदा रु. ६०
- मिनीबस/टिपरः भित्रिँदा रु. ११५ / बाहिरिँदा रु. ८०
- बस/ट्रकः भित्रिँदा रु. २६० / बाहिरिँदा रु. २००
- हेभी ट्रकः भित्रिँदा रु. ६०० / बाहिरिँदा रु. २५०

**ऐतिहासिक सन्दर्भ (चुरियामाई सुरुङमार्ग)**

- नेपालको पहिलो सुरुङमार्गः चुरियामाई सुरुङमार्ग (निर्माणः वि.सं. १९७४ / सन् १९१७)।
- स्थानः बारा जिल्ला, चुरियामाई मन्दिर नजिक।
- इन्जिनियर/डिजाइनरः कर्नेल डिल्लीजङ्ग थापा (प्रधानमन्त्री चन्द्रशम्शेरको पालामा)।
- महत्वः गाडी गुडाउनका लागि निर्माण गरिएको यो सुरुङमार्ग दक्षिण एसियाकै पहिलो मानवनिर्मित यातायात सुरुङ मानिन्छ।

**४.कर्णाली प्रदेशको पाँचौं मुख्यमन्त्रीको रूपमा मङ्गलबहादुर शाही कहिले नियुक्त हुनुभएको हो?**
A) वि.सं. २०८३ साउन १०
B) वि.सं. २०८३ साउन १२
C) वि.सं. २०८३ साउन १३
D) वि.सं. २०८३ साउन १५
उत्तरः B) वि.सं. २०८३ साउन १२

**कर्णाली प्रदेशमा नयाँ मुख्यमन्त्री नियुक्त**




- मुख्यमन्त्रीको नामः मङ्गलबहादुर शाही
- क्रमः कर्णाली प्रदेशका पाँचौं मुख्यमन्त्री
- नियुक्ति मितिः वि.सं. २०८३ साउन १२ गते
- शपथग्रहण मितिः वि.सं. २०८३ साउन १३ गते (प्रदेश प्रमुखसमक्ष)
- नियुक्त गर्ने प्रदेश प्रमुखः यज्ञराज जोशी
- संवैधानिक व्यवस्थाः नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम (दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त प्रदेशसभा सदस्य)

**५. सन् २०२६ को अन्तर्राष्ट्रिय मानव बेचबिखनविरुद्धको दिवस (जुलाई ३०) को नारा के रहेको छ?**
A) End Human Trafficking Now
B) Trapped Behind the Scam
C) Freedom and Justice for All
D) Stop Exploitation and Abuse
उत्तरः B) Trapped Behind the Scam

**६. वासिङ्टन डीसीमा सम्पन्न 'मिस नेपाल नर्थ अमेरिका २०२६' को उपाधि जित्न सफल सुन्दरी को हुन् ?**
A) अनामिका श्रेष्ठ
B) अनामिका खड्गी
C) रेश्मा निरौला
D) दीपिका शर्मा
उत्तरः D) दीपिका शर्मा

**मिस नेपाल नर्थ अमेरिका २०२६**



- विजेताः दीपिका शर्मा
- आयोजना स्थान तथा मितिः वासिङ्टन डीसी, अमेरिका (सन् २०२६ जुलाई २५)
- अन्तिम प्रतिस्पर्धामा सहभागीः १६ जना
- आयोजक संस्थाः Dreams Universal
- विशेष योजनाः विजेताहरूलाई नेपालमा विभिन्न सामाजिक कार्यहरूमा सहभागी गराइने

# मिथिला लघुवित्त वित्तीय संस्था लि.

को

## धितो सम्पत्तिको मूल्याङ्कन (Valuation) कार्यका लागि भ्यालुवेटरको सूची (Roster) दर्ता गर्ने सम्बन्धि सूचना

*सूचना प्रकाशित मिति : २०८३/०४/१६ गते*

यस मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन, प्रचलित कानुन तथा संस्थाको कर्जा नीति बमोजिम कर्जा लगानी गर्दा धितो स्वरुप रहने घडेरी तथा जग्गाको मूल्याङ्कन कार्यका लागि योग्य तथा अनुभवी भ्यालुवेटरहरुको सूची तयार गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, परामर्शदाता, फर्म वा कम्पनीबाट आवेदन आह्वान गरिन्छ। इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा देहाय बमोजिमका कागजातहरु सहित यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय ढल्केवर, धनुषामा वा hr@mlbbank.com.np मा मेल गरी आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।

**क) आवश्यक योग्यता**

१. नेपाल सरकार वा सम्बन्धित निकायबाट मान्यता प्राप्त भ्यालुवेटर वा मूल्याङ्कन सेवा प्रदान गर्न सक्षम व्यक्ति/फर्म/कम्पनी हुनुपर्ने।
२. घडेरी तथा जग्गाको मूल्याङ्कन कार्यमा पर्याप्त व्यावसायिक अनुभव भएको।
३. संस्था/फर्म कानुन बमोजिम दर्ता तथा नविकरण भएको।
४.स्थायी लेखा नम्बर (PAN) तथा कर सम्बन्धी दायित्व पूरा गरेको।
५. कुनै सरकारी वा वित्तीय संस्थाबाट कालोसूचीमा नपरेको।

**ख) आवेदनसँग संलग्न गर्नुपर्ने कागजात**

१. निवेदन।
२. फर्म/कम्पनी दर्ता प्रमाण पत्र।
३. पान नं./भ्याट दर्ता प्रमाण पत्र।
४. पछिल्लो आ.व.को कर चुक्ता प्रमाण पत्र।
५. सम्बन्धित पेशागत योग्यता तथा अनुभव खुल्ने विवरण (Profile/CV)।
६. मूल्याङ्कन कार्यसँग सम्बन्धित इजाजतपत्र वा प्रमाणपत्र (लागू हुने भएमा)।
७. विगतमा सम्पन्न मूल्याङ्कन कार्यको संक्षिप्त विवरण।
८. सम्पर्क ठेगाना, फोन नम्बर तथा इमेल।

**ग) छनोटका आधारहरु**

- व्यावसायिक योग्यता तथा दक्षता।
- मूल्याङ्कन कार्यको अनुभव।
- सेवा प्रदान गर्ने क्षमता तथा विश्वसनीयता।
- संस्थाले तोकेका अन्य मापदण्ड।

**घ. अन्य शर्तहरु :**

१. सूचीमा नाम समावेश हुदैमा मूल्याङ्कन कार्य प्रदान गरिने सुनिश्चितता रहने छैन।
२. आवश्यकता अनुसार संस्थाले सूचीमा रहेका भ्यालुवेटर मध्येबाट छनोट गरी कार्यादेश प्रदान गर्नेछ।
३. भ्यालुवेटरले सम्पत्तिको मुल्याङ्कन गर्दा प्रचलित कानून, नेपाल राष्ट्र बैंकको निर्देशन तथा संस्थाले तोकेको कार्यविधि पालना गर्नु पर्नेछ।
४. झुटा विवरण पेश गरेमा वा सेवा सन्तोषजनक नभएमा संस्थाले कुनै पनि समयमा सूचीबाट हटाउन सक्नेछ।

**मिथिला लघुवित्त वित्तीय संस्था लि.**
केन्द्रीय कार्यालय, ढल्केवर-६, धनुषा
फोन नं. ०४१- ५६०१७२/९८०२६९६७०३


# मधेश दिनभर अशान्त, ठाउँ-ठाउँमा कर्फ्यू

**शैलेन्द्र महतो**
**जनकपुरधाम। साउन १५ गते।**

सुनसरी घटनापश्चात् मधेश अशान्त छ। शुक्रबार आठ वटै जिल्लाका विभिन्न स्थानमा हिन्दुवादी संघ-संगठनले प्रदर्शन गरेका छन्।

बिहानैदेखि सप्तरीको राजविराज लगायत विभिन्न स्थान, सिरहाको गोलबजार र लहान, धनुषाको सबैला र रमदैया, महोत्तरीको जलेश्वर र गौशाला, सर्लाहीको मलंगवा र बरहथवा, रौतहट, बारा तथा पर्साको वीरगञ्जमा प्रदर्शन भएको छ।

प्रदर्शनका क्रममा विभिन्न स्थानमा प्रहरी र प्रदर्शनकारीबीच झडप भएको छ। त्यस क्रममा छिटफुट सामान्य घटनाबाहेक कुनै अप्रिय घटना नभएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

मधेशको राजधानी जनकपुरधाममा बिहीबार दिउँसो साढे ३ बजेदेखि लगाइएको कर्फ्यू अझै जारी छ। चारवटै सुरक्षा निकाय सडकमा परिचालित हुँदा जनकपुरधामका नागरिक घरमै बन्धकजस्तै बनेका छन्।

विभिन्न कामले सडकमा निस्केका केही नागरिकलाई नेपाली सेना र प्रहरीले कारबाहीस्वरूप कान समातेर उठबस गराउने, कसरत गराउने लगायतका कार्य गरेका छन्। उद्योग, बजार तथा व्यवसाय पूर्णरूपमा बन्द छन्। यसको प्रभाव धनुषा जिल्लाभर परेको छ। यस्तै, सिरहाको गोलबजार र लहानमा पनि कर्फ्यू जारी छ। सप्तरीको राजविराज र बोदेबरसाइन क्षेत्रमा समेत कर्फ्यू लागु गरिएको छ। बिहीबार राति १० बजेदेखि बोदेबरसाइन क्षेत्रमा कर्फ्यू जारी गरिएको थियो भने शुक्रवार बिहान ८ बजेदेखि राजविराज क्षेत्रमा पनि कर्फ्यू लागू गरिएको छ। अर्को आदेश भएसम्मका लागि राजविराज क्षेत्रमा कर्फ्यू आदेश जारी गरिएको प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले जानकारी दिए। वीरगञ्जमा भने पुनः निषेधाज्ञा जारी गरिएको छ। जनकपुरधाममा जारी कर्फ्यू हटाउने विषयमा जिल्ला प्रशासन कार्यालय धनुषाले सर्वपक्षीय छलफलसमेत गरेको छ। छलफलबाट चारबुँदे निर्णय गरिएको छ।




प्रशासनले शनिवार बिहान सद्भाव र्‍याली निकाल्ने र त्यसपछि कर्फ्यू हटाउने तयारी गरेको छ। प्रतिनिधिसभा सदस्य, सुरक्षा निकाय, दुवै समुदायका धर्मगुरु तथा हिन्दु संघ-संगठनलगायतको सर्वपक्षीय बैठकले जिल्लाको शान्ति, सुरक्षा र सामाजिक सद्भाव सुदृढ बनाउन सबै पक्षले समन्वय र सहकार्य गर्ने निर्णय गरेको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले बताए।

साथै, नागरिकबीच आपसी सद्भाव, भाइचारा र धार्मिक सहिष्णुता कायम गर्न आवश्यक पहल र सहयोग गर्न सबै सरोकारवालासँग आग्रह गरिएको छ। सामाजिक सञ्जालमार्फत भ्रामक अफवाह फैलाउने गतिविधिलाई निरुत्साहित गर्दै आपसी सद्भाव, भाइचारा र धार्मिक सहिष्णुता प्रवर्द्धन गर्ने निर्णय पनि गरिएको छ।

सिरहामा बिहीबार प्रहरीको गोली लागेर १६ वर्षीय किशोर गणेश यादवको मृत्यु भएपछि अवस्था झन् उग्र बनेको छ। औरही गाउँपालिका-२ तुलसियाहीका मृतक यादवको घरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्य पुरुषोत्तम यादव र प्रमुख जिल्ला अधिकारीसहितको टोली पुगेर परिवारसँग भेट गरेको छ।

उक्त घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन आफूले संसद् र सम्बन्धित निकायमा आवाज उठाउने प्रतिबद्धता उनले जनाएका छन्। गृहमन्त्री सुधन गुरुङ मृतक परिवारसँग भेट्न आउने भन्ने खबर फैलिएपछि प्रदर्शन झन् उग्र बनेको थियो। स्थानीयले प्रदर्शन चर्काएका थिए। यद्यपि, गृहमन्त्री भने यो समचार तयारपर्दासम्म मृतक परिवारको घर पुग्न सकेका छैनन्।

सिरहाको मिर्चैयामा सामाजिक सद्भाव र्‍याली निकालिएको छ। मिर्चैयामा सर्वदलीय बैठक बसेपछि निकालिएको उक्त र्‍यालीमा 'हिन्दु-मुस्लिम एक हौं, बौद्ध, सिख-इसाई आपसमा भाइ-भाइ' भन्ने नारा लगाउँदै नगरका विभिन्न चोकहरूको परिक्रमा गरिएको थियो।

महोत्तरीमा जिल्ला प्रशासन कार्यालयले सर्वदलीय तथा सर्वपक्षीय बैठक बोलाएर स्थिति सहज बनाउने विषयमा छलफल गरेको छ।

सामाजिक सञ्जालको दुरुपयोग तथा फैलाइएका घृणा र उत्तेजनात्मक सामग्रीका कारण सामाजिक सद्भावमा असर परेको निष्कर्षसहित प्रहरी प्रशासनले त्यसमाथि नियमन गर्ने नीति लिएको छ। द्वेष फैलाउने तथा अराजक गतिविधि गरी सामाजिक सद्भावमा खलल पुर्‍याउने व्यक्तिहरूलाई प्रहरीले पक्राउ गर्न थालेको छ।

शुक्रबार मात्रै प्रहरीले मधेश प्रदेशबाट ३८ जनालाई नियन्त्रणमा लिएको छ। तीमध्ये धनुषाबाट मात्रै २१ जना पक्राउ परेका छन्। प्रदेश प्रहरी कार्यालय, मधेश प्रदेशका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) अमरेन्द्रबहादुर सिंहका अनुसार सर्लाहीबाट ९ जना, सिरहाबाट ५ जना, महोत्तरीबाट २ जना र पर्साबाट १ जना पक्राउ परेका छन्। उनीहरूमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

संघसंस्थाहरुले धार्मिक सहिष्णुता तथा सद्भाव कायम गर्ने कार्यमा जोड दिन थालेका छन्।


"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

## खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय :**
प्रत्येक दिन बिह(
नि ९ बजेदेखि साँझ ५
बजेसम्म

**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने।

## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

# शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी
044-550255


पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com मुद्रण :- मोडेल अफसेट प्रेस, जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री